नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## मलंगवा, सर्लाही

फोन नं. ०४६-५२०१७६, ५२०१०८
फ्याक्स नं. ०४६-५२०१६७

Web: daosarlahi.moha.gov.np
Email: daosarlahi@moha.gov.np

च.न.-०७७/७८- १९३२

मितिः-२०७७/१२/०१

**विषयः- सूचना टाँस गरी कार्यान्वयनमा सहयोग गर्नु हुन।**

श्री स्थानीय तह सबै, सर्लाही।

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०७७/११/२९ मा प्रकाशित तालाबन्दी, धर्ना, आमरण अनशन, गालीगलौजपूर्ण नाराबाजी सम्बन्धी अत्यन्त जरुरी सूचना पाना थान १ (एक) यसै पत्रसाथ संलग्न राखी तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी यस कार्यालयमा जानकारी गराउनु हुन साथै आवश्यक कार्यान्वयन गर्नु हुन आदेशानुसार अनुरोध छ।

प्रशासकीय अधिकृत
राम नरेश राम
प्रशासकीय अधिकृत

**बोधार्थः**
श्री शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा,
गृह मन्त्रालय, सिंहदरबार,काठमाडौं।

**सादर अवगतार्थः**
श्री माननीय गृहमन्त्रीज्यू,
सिंहदरबार, काठमाडौं।

श्रीमान् सचिवज्यू,
गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं।

Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय,सर्लाही

(प्रशासन शाखा)

सम्पर्क
प्र.जि.अ. : ०४६- ५२०१०५
कार्यालय : ०४६- ५२०१७७
इमेल :dao.sarlahi@gmail.com

प.सं. : ०७७/०७८
च.नं. :

## जिल्ला प्रशासन कार्यालय, सर्लाहीको तालाबन्दी, धर्ना, आमरण अनशन, गालीगलौजपूर्ण नाराबाजीसम्बन्धी अत्यन्त जरुरी सूचना

जिल्लाभित्र शान्ति, सुरक्षा एवम् सुव्यवस्था कायम गर्दै सुशासन कायम गर्न जिल्ला प्रशासन कार्यालय, सर्लाही प्रतिबद्ध रहेको जानकारी गराउँदै जिल्लामा अराजक प्रवृतिका रूपमा मौलाउँदै गएको तालबन्दी, धर्ना, आमरण अनशन, गालीगलौजपूर्ण नाराबाजी जस्ता विकृतिका बारेमा यस कार्यालय र प्रमुख जिल्ला अधिकारी, सर्लाहीको विशेष ध्यानाकर्षण भएको व्यहोरा जानकारी गराइन्छ । विभिन्न विषयमा जायज र कतिपय सन्दर्भमा नाजायज माग राखी कानूनीराजको मान्यताविपरीत गुण्डाराज प्रवृत्तिलाई प्रश्रयता दिने गरी हुने यस्ता खाले हर्कत र गतिविधिले अन्ततोगत्वा जिल्लामा संविधानवाद र कानूनी शासनको उपहास भई समष्टिमा विकास, सुशासन र समृद्धिको राष्ट्रिय आकाङ्क्षामा आघात पुऱ्याउने निश्चित रहेको महशुस गरी यस सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, सर्लाही तथा प्रमुख जिल्ला अधिकारीको स्पष्ट धारणा सार्वजनिक गर्न वाञ्छनीय भई यो सूचना प्रकाशित गरिएको छ ।

तपाई सबै सरोकारित पक्षका जायज र कानूनसम्मत माग तथा समस्याको प्रकृति, प्राथमिकता र अवस्था हेरी संवेदनशील भई जिल्ला प्रशासन कार्यालय, सर्लाहीले कानूनी शासनलाई पूर्णरूपेण आत्मसात् गरी सम्बोधन गरिदिने वा आफैले सम्बोधन गर्न नसक्ने स्थितिमा सम्बन्धित निकायमा जिम्मेवार भई पहल कदमी चालिदिने हुँदा यस्ता खाले गैरकानूनी र अराजग मार्ग अपनाई अघि नबढ्न जिल्ला प्रशासन कार्यालय, सर्लाही हार्दिक अनुरोध गर्दछ ।

### तालाबन्दी/धर्ना/आमरण अनसन/गालीगलौजपूर्ण नाराबाजी गरेमा प्रहरी/प्रशासनबाट हुने क्रमबद्ध कारवाही

- नेपाल प्रहरी/सशस्त्र प्रहरी बलमार्फत तुरुन्त त्यस्तो कार्य नगर्न अनुरोध गर्ने;
- त्यसरी तत्काल गरेको अनुरोध नमान्नेलाई वा सो समूहको नेतृत्व गर्नेलाई नियन्त्रणमा लिने;
- आवश्यकतानुसार बल प्रयोगका सिद्धान्त प्रयोग गरी हटाउने वा तितरबितर पारिने;
- नियन्त्रणमा लिइएका व्यक्ति/नेता/समूहलाई प्रहरीमार्फत प्रचलित कानूनबमोजिम मुद्दा चलाई कारवाही गरिने।

### समस्या/माग/गुनासो/उजुरी/अनुरोध गर्ने पक्षले अपनाउनुपर्ने विधि तथा प्रक्रिया

- सम्बन्धित निकायको प्रमुख वा गुनासो सुन्ने संयन्त्रमा निवदेन/गुनासो/उजुरी/माग राख्ने; (बोधार्थ जिल्ला प्रशासनमा दिने)
- सुनुवाइ नभएमा तालुक निकाय र जिल्ला प्रशासन कार्यालयमा निवदेन/गुनासो/उजुरी/माग राख्ने;
- इमर्जेन्सी र तत्काल कारवाही गर्नुपर्ने प्रकृतिको भए तुरुन्त जिल्ला प्रशासन, कार्यालय वा प्रहरीमा खबर गर्ने;
- जायज र कानूनसम्मत माग राख्ने/अनुरोध ।

### जिल्ला प्रशासन कार्यालय, सर्लाहीको भूमिका

- सम्बन्धित निकायलाई निवदेन/गुनासो/उजुरी/मागको उचित मूल्याङ्कन गरी सम्बोधन गर्न लगाउने;
- आफूसँग सम्बन्धित वा अन्य निकायसँग सम्बन्धित उजुरी/माग/निवदेनको संवेदनशील र उत्तरदायी भई कार्य गर्ने;
- जिल्ला प्रशासनबाट समाधान नहुने विषयमा सम्बन्धित निकायमा पठाई पहल र काम भए/नभएको फलोअप गरिदिने;
- अख्यिार दुरूपयोग अनुसन्धान आयोग लगायतका निकायमा पठाई पीडितलाई न्याय र पीडकलाई सजायको नीति लिने ।

मिति २०७७/११/२९

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

**"स्वच्छ र सक्षम निजामती प्रशासन : समृद्धि र सुशासन"**

*जिल्ला प्रशासन कार्यालय, सर्लाहीको महत्त्वपूर्ण सूचना, जानकारी, निर्णय, आदेश कार्यालयको वेभसाइट daosarlahi.moha.gov.np मा नियमित र हेर्नु हुन तथा कुनै उजुरी, गुनासो र निवेदन गर्नुपर्ने भएमा कार्यालयको इमेल dao.sarlahi@gmail.com मा पठाउनु हुन अनुरोध छ ।*

Scanned with CamScanner

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मलंगवा, सर्लाही

फोन नं.: ०४६-५२०१७७, ५२०१०६

फ्याक्स नं.:०४६-५२०१७४

Web: daosarlahi.moha.gov.np

Email - daosarlahi@moha.gov.np


च.न.-०७७/७८- ८१५५

मिति:-२०७७/१२/०१

<u>विषय:- सूचना टाँस गरी कार्यान्वयनमा सहयोग गर्नु हुन।</u>

श्री स्थानीय तह सवै, सर्लाही।

प्रस्तुत विषयमा यस कार्यालयवाट मिति २०७७/११/२९ मा प्रकाशित संस्था दर्ता/नवीकरण सम्वन्धी सूचना पाना थान १ (एक) यसै पत्रसाथ संलग्न राखी तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी यस कार्यालयमा जानकारी गराउनु हुन साथै आवश्यक कार्यान्वयन गर्नु हुन आदेशानुसार अनुरोध छ।

प्रशासकीय अधिकृत

..................

राम नरेश राम

प्रशासकीय अधिकृत

<u>वोधार्थ:</u>

श्री शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा,

गृह मन्त्रालय, सिंहदरवार,काठमाडौं।

<u>सादर अवगतार्थ:</u>

श्री माननीय गृहमन्त्रीज्यू,

सिंहदरवार, काठमाडौं।

श्रीमान् सचिवज्यू,

गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं।

Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,सर्लाही
(प्रशासन शाखा)

स.प्र.जि.अ. : ०४६- ५२०१०६
कार्यालय : ०४६- ५२०१७७
इमेल :dao.sarlahi@gmail.co

प.स. : ०७७/०७८
च.नं. :

# जिल्ला प्रशासन कार्यालय, सर्लाहीको संस्था दर्ता/नवीकरणसम्बन्धी अत्यन्त जरूरी सूचना

यस कार्यालयमा दर्ता नभई सञ्चालन भएका तथा दर्ता भई नवीकरण नगरी सञ्चालनमा रहेका सबै संस्थाहरूलाई संस्था दर्ता ऐन, २०३४ बमोजिम संस्था दर्ता/नवीकरण गरी सञ्चालन गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। यो सूचना प्राप्त भएको मितिले ४५ दिनभित्र यस कार्यालयमा संस्था दर्ता/नवीकरण नगरी संस्था सञ्चालन गरिएको पाइएमा गैरकानूनी संस्था सञ्चालन गरेको मानी प्रचलित कानूनबमोजिम कारवाही हुने व्यहोरा सरोकारित सबैमा सूचित गराइन्छ ।

मिति : २०७७/११/२९

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी



Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मलंगवा, सर्लाही

फोन नं.: ०४६-५२०१७७, ५२०१०६
फ्याक्स नं.:०४६-५२०१७४
Web: daosarlahi.moha.gov.np
Email - daosarlahi@moha.gov.np

च.न.-०७७/७८- ८१४४

मिति:-२०७७/१२/०१

विषयः- सूचना टाँस गरी कार्यान्वयनमा सहयोग गर्नु हुन।

श्री स्थानीय तह सबै, सर्लाही।

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०७७/११/२९ मा प्रकाशित सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रण र सुशासन सम्वन्धी अत्यन्त जरुरी सूचना पाना थान १ (एक) यसै पत्रसाथ संलग्न राखी तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी यस कार्यालयमा जानकारी गराउनु हुन साथै आवश्यक कार्यान्वयन गर्नु हुन आदेशानुसार अनुरोध छ।

.....................
राम नरेश राम
प्रशासकीय अधिकृत

**बोधार्थः**
श्री शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा,
गृह मन्त्रालय, सिंहदरवार,काठमाडौं।
**सादर अवगतार्थः**
श्री माननीय गृहमन्त्रीज्यू,
सिंहदरवार, काठमाडौं।

श्रीमान् सचिवज्यू,
गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं।

Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,सर्लाही
(प्रशासन शाखा)

सा.प्र.जि.अ. : ०४६- ५२०१०६
कार्यालय : ०४६- ५२०१७७
इमेल :dao.sarlahi@gmail.com

प.स. : ०७७/०७८
च.नं. :

## जिल्ला प्रशासन कार्यालय, सर्लाहीको सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रण र सुशासनसम्बन्धी अत्यन्त जरुरी सूचना

जिल्लाभित्र शान्ति, सुरक्षा एवम् सुव्यवस्था कायम सँगसँगै सुशासन, भ्रष्टाचार नियन्त्रण गरी नागरिकमैत्री सेवा प्रवाहको माध्यमद्वारा राष्ट्र र जनताको सर्वोत्तम हित सुनिश्चित गर्नु जिल्ला प्रशासन कार्यालय, सर्लाहीको प्रमुख उद्देश्य एवम् कार्य हो। साथै, उत्कृष्ट सेवा प्रवाह हुने प्रणाली एवम् संस्कृतिको विकास गर्दै आम नागरिकमा सरकारको सच्चा उपस्थिति एवम् अनुभूति गराई राज्य/सरकारप्रति जनविश्वास र भरोसामा अभिवृद्धि एवम् कायम गर्नु समेत नेपाल सरकारको जिल्लास्थित प्रमुख प्रशासकीय निकायको हैसियतमा यस कार्यालयको आधारभूत कार्य हो। यसैले जिल्लाका सबै कार्यालयबाट हुने सेवा प्रवाहलाई अत्युत्तम् रूपले सुशासनको मर्मानुरूप भ्रष्टाचाररहित र पूर्ण रूपले जनमुखी हुने गरी प्रवाह गर्न देहायबमोजिम गर्न गराउनु हुन सेवाग्राही नागरिक तथा सेवाप्रदायक कार्यालय/निकायहरूमा देहायबमोजिम अनुरोध गरिन्छः–

### क. सेवा प्रदायक निकाय/कार्यालयको भूमिका/कर्तव्य

१. शिष्ट र सभ्य रूपमा प्रस्तुत भई सबै नागरिकलाई समान व्यवहार गर्ने । सेवा लिने प्रक्रिया स्पष्ट बताइदिने ।
२. प्रचलित कानूनबमोजिम कत्ति पनि विचलित नभई असल मनसाय (Good Faith) बाट कार्य गर्ने ।
३. सेवाको शुल्क/दस्तुरका अतिरिक्त सेवाग्राहीबाट कुनै पनि दान/उपहार/चन्दा/रकम लिन नहुने ।
४. इमानदारिता, व्यावसायिकता र सदाचारितालाई मूलमन्त्र स्वीकार गरी प्रक्रिया सरल/स्पष्ट बनाई सेवा प्रवाह गर्ने ।
५. भ्रष्टाचारप्रतिको शुन्य सहनशीलता नीतिको पूर्ण पालना एवम् सुशासनलाई मूल गन्तव्य बनाई कार्य गर्ने ।

### ख. सेवाग्राहीको भूमिका/कर्तव्य

१. शिष्ट, सभ्य र इमान्दार रूपमा प्रस्तुत भई सेवाप्रदायक निकायको नियम, विधि र प्रक्रियालाई आत्मसात् गर्ने ।
२. कर्मचारीलाई सम्मानजनक व्यवहार गरी सेवा प्राप्ति प्रक्रियामा सहभागी हुने । झुट्टा विवरण पेश गर्न नहुने ।
३. सेवाको शुल्क/दस्तुरका अतिरिक्त सेवाप्रदायकलाई कुनै पनि दान/उपहार/चन्दा/रकम दिन नहुने ।
४. सेवा लिने क्रममा धैर्यतासहित पेश गर्नुपर्ने कागजात र प्रक्रियाको अक्षरशः पालना गर्ने ।
५. सेवा प्रवाहमा भ्रष्टाचार शुन्य बनाउन एवम् सुशासन कायम गर्न सहयोग गर्ने । उजुरी/गुनासो गर्ने ।

### ग. जिल्ला प्रशासन कार्यालय, सर्लाहीको भूमिका/कर्तव्य

१. जिल्ला प्रशासन कार्यालय र अन्य निकायमा समेत् माथिको क र ख बमोजिम भए/नभएको अनुगमन गर्ने ।
२. सेवा प्रवाहमा रचनात्मक भूमिका निर्वाह/सहयोग गर्ने सेवाप्रदायक/सेवाग्राही दुवैलाई धन्यवाद् दिने/पुरस्कृत गर्ने ।
३. प्रचलित कानूनविपरीत तथा जनतालाई दुःख दिने नियतले काम गरेको उजुरी/निवदेनको काम कारवाही गर्ने ।
४. झुट्टा विवरण पेश/उजुरीकर्ता र कानूनविपरीत गर्ने सेवाप्रदायक दुवैलाई कानूनबमोजिम तुरुन्त कारवाही गर्ने ।
५. आवश्यकतानुसार कानूनबमोजिम रीत पुर्‍याई विभागीय कारवाहीको सिफारिस गर्ने/अ.दु.अ.आ. मा पठाइने ।
६. एकअर्कालाई गालीगलौज/हातपात गर्ने सेवाग्राही वा सेवाप्रदायक जो सुकैलाई अभद्र व्यवहारमा मुद्दा/कारवाही चलाउने ।
७. सेवा प्रवाहमा भ्रष्टाचाररहित र सुशासनमुखी वातावरण बनाई सेवाप्रदायक/सेवाग्राही दुवैमा सुरक्षाको ग्यारेन्टी गर्ने ।

*उजुरी/गुनासो/निवेदनका लागि सम्पर्क नम्बर/इमेल : ९८५४०३८०४५, ०४६-५२०१०६, ०४६-५२०१७७/ dao.sarlahi@gmail.com*
*शान्ति सुरक्षा/इमर्जेन्सीका लागि सम्पर्क नं. : प्रहरी कन्ट्रोल १००, जिल्ला प्रहरी कार्यालयको मो नं. ९८५४०५६२२२*

मिति : २०७७/११/२९

हेमराज थापा
प्रमुख जिल्ला अधिकारी

**"स्वच्छ र सक्षम निजामती प्रशासन : समृद्धि र सुशासन"**

*जिल्ला प्रशासन कार्यालय, सर्लाहीको महत्त्वपूर्ण सूचना, जानकारी, निर्णय, आदेश कार्यालयको वेभसाइट daosarlahi.moha.gov.np मा नियमित रूपमा हेर्नु हुन तथा कुनै उजुरी, गुनासो र निवेदन गर्नुपर्ने भएमा कार्यालयको इमेल dao.sarlahi@gmail.com मा पठाउनु हुन अनुरोध छ ।*

Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मलंगवा, सर्लाही

फोन नं.: ०४६-५२०१७७, ५२०१०६
फ्याक्स नं.:०४६-५२०१७४

Web: daosarlahi.moha.gov.np
Email:- daosarlahi@moha.gov.np

च.न.-०७७/७८- ८९३८

मितिः-२०७७/१२/०१

विषयः- सूचना टाँस गरी कार्यान्वयनमा सहयोग गर्नु हुन।

श्री स्थानीय तह सबै, सर्लाही।

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०७७/११/२९ मा प्रकाशित कोभिड-१९ विरुद्धको खोपमा सहभागी हुने सम्वन्धी अत्यन्त जरुरी सूचना पाना थान १ (एक) यसै पत्रसाथ संलग्न राखी तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी यस कार्यालयमा जानकारी गराउनु हुन साथै आवश्यक कार्यान्वयन गर्नु हुन आदेशानुसार अनुरोध छ।

**बोधार्थः**

श्री शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा,
गृह मन्त्रालय, सिंहदरवार,काठमाडौं।

**सादर अवगतार्थः**

श्री माननीय गृहमन्त्रीज्यू,
सिंहदरवार, काठमाडौं।

श्रीमान् सचिवज्यू,
गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं।

२०७७/१२/०१

राम नरेश राम
प्रशासकीय अधिकृत

प्रशासकीय अधिकृत

Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,सर्लाही
(प्रशासन शाखा)

स.प्र.जि.अ. : ०४६- ५२०१०६
कार्यालय : ०४६- ५२०१७७
इमेल :dao.sarlahi@gmail.co

प.सं. : ०७७/०७८
च.नं. :

# जिल्ला प्रशासन कार्यालय, सर्लाहीको कोभिड – १९ विरूद्धको खोपमा सहभागी हुने बारे अत्यन्त जरूरी सूचना

नेपाल सरकारले निःशुल्क प्रदान गरेको कोभिड-१९ विरूद्धको खोपको सम्बन्धमा पहिलो चरणको खोप अभियान कार्यक्रम सम्पन्न भई हाल दोस्रो चरणको खोप अभियान कार्यक्रम सञ्चालन भइरहेको सन्दर्भमा खोपको बारेमा भ्रमात्मक प्रचारप्रसार लगायतका अन्य कारणबाट खोप अभियानमा न्यून सहभागिता रहेको भन्ने तथ्य जनस्वास्थ्य कार्यालय, सर्लाहीको तथ्याङ्कबाट देखिन आएकोले कोभिड-१९ को जोखिमबाट आफू र अरूलाई समेत् सुरक्षित राख्न कोभिड-१९ विरूद्धको खोप अभियानमा कुनै पनि भ्रमात्मक कुराको पछि नलागी अनिवार्य रूपमा सहभागी हुन सर्लाही जिल्लाका सम्पूर्ण आमाबुबा, दिदीबहिनी तथा दाजुभाइमा जिल्ला प्रशासन कार्यालय, सर्लाही हार्दिक अनुरोध गर्दछ।

सम्पूर्ण गैरसरकारी संस्था, समाजसेवी, नागरिक समाज, सामुदायिक संस्था र सञ्चार क्षेत्रलाई यसै सूचनामार्फत कोभिड-१९ विरूद्धको खोपमा सहभागी हुन जनचेतनामूलक कामकारवाही सञ्चालन गर्न र सहभागितामा बढोत्तरी ल्याउन स्थानीय भाषामा आवश्यक प्रचारप्रसार गर्नु हुन अनुरोध छ।

साथै, स्थानीय तहका विभिन्न खोप केन्द्रहरूमा वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, गरिब एवम् विपन्न नागरिकहरूको पहुँच नहुने तथा कमजोर हुने भएकोले सो सम्बन्धमा सबै स्थानीय तहलाई खोप केन्द्र सम्म सवारी साधनको व्यवस्था गर्न अनुरोध गर्ने गरी पत्राचार समेत् गरिएको हुँदा सबै स्थानीय तहहरूले उक्त व्यवस्था मिलाई सर्लाही जिल्लामा कोभिड-१९ विरूद्धको खोपमा व्यापक सहभागिता कायम हुने व्यवस्था मिलाउनु हुन समेत् यसै सूचनाबाट अनुरोध छ।

यसै गरी कोभिड-१९ विरूद्धको खोप लगाउन छुटेका तथा बाँकी रहेका कार्यालय प्रमुख तथा कर्मचारीहरूका लागि यही मिति २०७७ चैत्र १ र २ गते खोप लगाउने कार्यक्रम रहेकाले सो कार्यक्रममा अनिवार्य सहभागी हुन सबै कार्यालय प्रमुख र कर्मचारीलाई जानकारी गराइएको छ।

अन्त्यमा, कोभिड-१९ को जोखिमबाट आफू सुरक्षित रही अरूलाई समेत सुरक्षित गराई सुरक्षित हुन पाउने प्रत्येक नागरिकको मानव अधिकारलाई सम्मान गर्न तथा नेपाल सरकारबाट निःशुल्क रूपमा प्राप्त भएको यस अवसरको उच्चतम् उपयोग गरी असल नागरिकको भूमिका निर्वाह गर्नु हुन अनुरोध छ।

मिति : २०७७/११/२९

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

**"स्वच्छ र सक्षम निजामती प्रशासन : समृद्धि र सुशासन"**



Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मलंगवा, सर्लाही

फोन नं.: ०४६-५२०१७७, ५२०१०६
फ्याक्स नं.:०४६-५२०१७४
Web: daosarlahi.moha.gov.np
Email:- daosarlahi@moha.gov.np

च.न.-०७७/७८- ८१३५

मितिः-२०७७/१२/०१

विषयः- सूचना टाँस गरी कार्यान्वयनमा सहयोग गर्नु हुन।

श्री स्थानीय तह सवै, सर्लाही।

प्रस्तुत विषयमा यस कार्यालयवाट मिति २०७७/११/२९ मा प्रकाशित जुवातास, मदिरा र गैरकानूनी व्यापार व्यवसाय सम्वन्धी अत्यन्त जरुरी सूचना पाना थान १ (एक) यसै पत्रसाथ संलग्न राखी तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी यस कार्यालयमा जानकारी गराउनु हुन साथै आवश्यक कार्यान्वयन गर्नु हुन आदेशानुसार अनुरोध छ।

बोधार्थः
श्री शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा,
गृह मन्त्रालय, सिंहदरवार,काठमाडौं।

सादर अवगतार्थः
श्री माननीय गृहमन्त्रीज्यू,
सिंहदरवार, काठमाडौं।

श्रीमान् सचिवज्यू,
गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं।

७८।१२।१

..........................
राम नरेश राय
प्रशासकीय अधिकृत

Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,सर्लाही
(प्रशासन शाखा)

सा.प्र.जि.अ. : ०४६- ५२०१०६
कार्यालय : ०४६- ५२०१७७
इमेल :dao.sarlahi@gmail.co

प.सं. : ०७७/०७८
च.नं. :

# जिल्ला प्रशासन कार्यालय, सर्लाहीको जुवातास, मदिरा र गैरकानूनी व्यापार व्यवसायसम्बन्धी अत्यन्त जरूरी सूचना

शान्ति, सुरक्षा एवम् सुव्यवस्था कायम गर्न सुशासन एवम् विधिको शासनलाई मूल साध्य बनाई जिल्ला प्रशासन कार्यालय, सर्लाहीले आफ्नो भावी कार्यदिशालाई अग्रगति दिएको व्यहोरा सबैमा सहर्ष जानकारी गराउँदछु । प्रमुख जिल्ला अधिकारीज्यू तथा यस कार्यालयका कर्मचारीहरूमा विभिन्न माध्यमबाट प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा जुवातास, मदिरा र गैरकानूनी व्यापार व्यावसायको रोकथामका सम्बन्धमा आवश्यक व्यवस्था गर्न अनुरोध भई आएको हुँदा पूर्वजानकारी गराई कसैलाई पनि सुध्रने मौका नदिइएको भन्ने गुनासो भविष्यमा नआउने प्रबन्ध गरी स्वत:स्फूर्त रूपले कामकारवाही गर्न अत्यन्त जरूरी भई यो सूचना सार्वजनिक गरिएको छ ।

**प्रहरी/प्रशासनबाट हुने क्रमबद्ध कारवाही**

- प्रहरीमार्फत सूचना सङ्कलन गरी सम्लग्न व्यक्ति/समूह/पक्षलाई तुरून्त नियन्त्रणमा लिने;
- कानूनबमोजिमको प्रक्रिया पुऱ्याई मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्ने;
- निष्पक्षता, तटस्थता र सदाचारिता कायम गर्दै कानूनबमोजिम त्यस्ता गैरकानूनी कार्य गर्नेलाई कारवाही गर्ने ।

**जिल्ला प्रशासन कार्यालय, सर्लाहीको अनुरोध**

- सबै गैरसरकारी संस्था, नागरिक समाज, सामुदायिक संस्था र समाजसेवी महानुभावले जनचेतनामूलक कार्य गर्नु हुन;
- सबै किसिमका सञ्चार माध्यमले उच्च प्राथमिकतामा राखी यस्ता सूचनालाई सार्वजनिकीकरण गरिदिनु हुन;
- त्यस्ता गैरकानूनी कार्य भइरहेको जानकारी भएमा जिल्ला प्रशासन वा प्रहरीमा तुरून्त खबर गर्नु हुन;
- त्यस्ता जानकारी दिने व्यक्तिको परिचय गोप्य राख्ने व्यवस्था मिलाइने व्यहोरा अवगत गर्नु/गराउनु हुन;
- प्रहरी कर्मचारीले यसै सूचनालाई आदेश मानी कानूनबमोजिम कारवाही गर्न उच्च प्राथमिकतामा राखी कार्य गर्नु हुन ।

*उजुरी/गुनासो/निवेदनका लागि सम्पर्क नम्बर/इमेल : ९८५४०३८०४५, ०४६-५२०१०६, ०४६-५२०१७७/ dao.sarlahi@gmail.com*
*शान्ति सुरक्षा/इमर्जेन्सीका लागि सम्पर्क नं. : प्रहरी कन्ट्रोल १००, जिल्ला प्रहरी कार्यालयको मो नं. ९८५४०५६२२२*

मिति : २०७७/११/२९

हेमराज थापा
प्रमुख जिल्ला अधिकारी



Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## मलंगवा, सर्लाही

फोन नं.: ०४६-५२०१७७, ५२०१०८
फ्याक्स नं.: ०४६-५२०१७४
Web: daosarlahi.moha.gov.np
Email: - daosarlahi@moha.gov.np

च.न.-०७७/७८- ८१५५

मितिः-२०७७/१२/०१

**विषयः- सूचना टाँस गरी कार्यान्वयनमा सहयोग गर्नु हुन।**

श्री स्थानीय तह सवै, सर्लाही।

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०७७/११/२९ मा प्रकाशित अवैध हातहतियार नियन्त्रण र दर्ता भएका हातहतियारको नवीकरण सम्वन्धी अत्यन्त जरुरी सूचना पाना थान १ (एक) यसै पत्रसाथ संलग्न राखी तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी यस कार्यालयमा जानकारी गराउनु हुन साथै आवश्यक कार्यान्वयन गर्नु हुन आदेशानुसार अनुरोध छ।

.....................
राम नरेश राम
प्रशासकीय अधिकृत

**बोधार्थः**
श्री शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा,
गृह मन्त्रालय, सिंहदरवार,काठमाडौं।

**सादर अवगतार्थः**
श्री माननीय गृहमन्त्रीज्यू,
सिंहदरवार, काठमाडौं।

श्रीमान् सचिवज्यू,
गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं।

Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,सर्लाही
(प्रशासन शाखा)

स.प्र.जि.अ. : ०४६- ५२०१०६
कार्यालय : ०४६- ५२०१७७
इमेल :dao.sarlahi@gmail.co

प.स. : ०७७/०७८
च.नं. :

## जिल्ला प्रशासन कार्यालय, सर्लाहीको अवैध हातहतियार नियन्त्रण र दर्ता भएका हातहतियारको नवीकरणसम्बन्धी अत्यन्त जरूरी सूचना

जिल्लाभित्र शान्ति, सुरक्षा एवम् सुव्यवस्था कायम गरी नागरिकको सर्वोत्तम हित सुनिश्चित गर्नु जिल्ला प्रशासन कार्यालय, सर्लाहीको प्रमुख उद्देश्य एवम् कार्य हो। यस सन्दर्भमा जिल्लामा हुन सक्ने अवैध हातहतियार तथा खरखजानाको प्रयोगलाई नियन्त्रण; हातहतियारको तस्करी र गैरकानूनी बिक्रीबितरणमा रोक तथा दर्ता भएका हतियारको नवीकरण गरी वैधानिक उपयोग निश्चित गर्न जरूरी भएको छ।

यसर्थ, यस कार्यालयमा दर्ता भएका हातहतियार यो सूचना प्रकाशन भएको मितिले ४५ दिनभित्र अनिवार्य रूपले कागजातसहित नवीकरण गर्न आउनु हुन जानकारी गराइन्छ। ४५ दिनभित्र नवीकरण गर्न नआएमा हातहतियार दर्ता किताबबाट अभिलेख हेरी प्रहरीमार्फत त्यस्ता हातहतियार जफत गर्ने र त्यसरी नवीकरण नगरी हातहतियार राख्ने व्यक्तिलाई अवैध रूपले हातहतियार राखेको कसूर मानी प्रचलित कानूनबमोजिम कारवाही गरिने व्यवहोरा समेत सूचित गराइन्छ।

साथै, जिल्लाभित्र अवैध हातहतियार तथा खरखजानाको ओसारपसार, तस्करी र गैरकानूनी प्रयोग भएको पाइएमा जुनसुकै व्यक्तिलाई तुरून्त नियन्त्रणमा लिई प्रहरीमार्फत प्रचलित कानूनबमोजिम कारवाही गरिने तथा शंकास्पद स्थान र व्यक्तिको खानतलासी गरिने कार्यक्रम रहेको हुँदा इमान्दारपूर्वक जिल्ला प्रहरी कार्यालय, सर्लाही तथा जुनसुकै प्रहरी इकाइमा बुझाउनु हुन जानकारी गराइन्छ।

जिल्ला प्रशासन कार्यालय, सर्लाहीले प्रकाशन गरेको यो सूचनालाई नै आधार मानी उल्लिखित गैरकानूनी क्रियाकलाप नगर्न/नगराउन हुन सम्बन्धित सबैमा अवगत गराउँदै यस सूचनाविपरीत गैरकानूनी कार्य भए/गरेको पाइएमा हातहतियार खरखजाना ऐन, २०१९ तथा अन्य प्रचलित कानूनबमोजिम तुरून्त कारवाही हुने व्यहोरा अनुरोध गरिन्छ ।

***नोट :*** *कसैले गैरकानूनी रूपले हातहतियार राखेको थाहा भएमा प्रहरी कन्ट्रोल १००, जिल्ला प्रहरी कार्यालयको मो नं. ९८५४०५६२२२ र जिल्ला प्रशासनको कार्यालयको मो नं. ९८५४०३८०४५ मा सम्पर्क गरी जानकारी गराउनु हुन अनुरोध छ । त्यसरी जानकारी गराउने व्यक्तिको नाम, ठेगाना र परिचय गोप्य राखिने व्यहोरा समेत् जानकारीका लागि अनुरोध छ ।*

मिति : २०७७/११/२९

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

"स्वच्छ र सक्षम निजामती प्रशासन : समृद्धि र सुशासन"

*जिल्ला प्रशासन कार्यालय, सर्लाहीको महत्त्वपूर्ण सूचना, जानकारी, निर्णय, आदेश कार्यालयको वेभसाइट daosarlahi.moha.gov.np मा नियमित रूपमा हेर्नु हुन तथा कुनै उजुरी, गुनासो र निवेदन गर्नुपर्ने भएमा कार्यालयको इमेल dao.sarlahi@gmail.com मा पठाउनु हुन अनुरोध छ ।*

Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मलंगवा, सर्लाही

फोन नं.: ०४६-५२०१७७,५२०१०६
फ्याक्स नं.:०४६-५२०१७४
Web: daosarlahi.moha.gov.np
Email: daosarlahi@moha.gov.np

च.न.-०७७/७८- ८७४६

मिति:-२०७७/१२/०१

विषय:- सूचना टाँस गरी कार्यान्वयनमा सहयोग गर्नु हुन।

श्री स्थानीय तह सबै, सर्लाही।

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०७७/११/२९ मा प्रकाशित लागू औषध दुर्व्यसनी, गैरकानूनी व्यापार एवम् ओसारपसार सम्वन्धी अत्यन्त जरुरी सूचना पाना थान १ (एक) यसै पत्रसाथ संलग्न राखी तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी यस कार्यालयमा जानकारी गराउनु हुन साथै आवश्यक कार्यान्वयन गर्नु हुन आदेशानुसार अनुरोध छ।

.....................
राम नरेश राय
प्रशासकीय अधिकृत

बोधार्थ:
श्री शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा,
गृह मन्त्रालय, सिंहदरबार,काठमाडौं।

सादर अवगतार्थ:
श्री माननीय गृहमन्त्रीज्यू,
सिंहदरबार, काठमाडौं।

श्रीमान् सचिवज्यू,
गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं।

Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,सर्लाही
(प्रशासन शाखा)

स.प्र.जि.अ. : ०४६- ५२०१०६
कार्यालय : ०४६- ५२०१७७
इमेल :dao.sarlahi@gmail.co

प.स. : ०७७/०७८
च.नं. :

## जिल्ला प्रशासन कार्यालय, सर्लाहीको लागू औषध दुर्व्यसनी, गैरकानूनी व्यापार एवम् ओसारपसारसम्बन्धी अत्यन्त जरूरी सूचना

जिल्लाभित्र शान्ति, सुरक्षा एवम् सुव्यवस्था कायम गर्ने प्रधान हेतु रहेको नेपाल सरकारको जिल्लास्तरीय प्रमुख प्रशासकीय संयन्त्र जिल्ला प्रशासन कार्यालय, सर्लाही तथा यस जिल्लाका श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू समक्ष देहायका जनगुनासो/उजुरी मौखिक रूपमा प्राप्त भएकोः–

- धेरै युवाहरू लागू औषधको दुर्व्यवसनीमा फसेको;
- लागू औषधको गैरकानूनी व्यापार व्यवसाय हुने गरेको;
- औषधि पसल/व्यवसायमा समेत लागू औषधको लुकीछिपी कारोवार हुने गरेको;
- विभिन्न नाकाहरूबाट गैरकानूनी ओसारपसार हुने गरेको ।

यस सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, सर्लाही तथा प्रमुख जिल्ला अधिकारीज्यूको उच्च चासो रहेको व्यहोरा अवगत गराइन्छ । यस सम्बन्धमा उच्च निगरानी बढाई कानूनबमोजिम कारवाही तत्काल अघि बढाउन लागिएको हुँदा यस्तो गैरकानूनी कार्य तत्काल रोकी सुध्रिन सबै सरोकारित पक्षमा जिल्ला प्रशासन कार्यालय, सर्लाही अनुरोध गर्दछ । कडा कारवाहीबाट भोलि पश्चाताप गर्नु र भनसुनको पछि लाग्नुको सट्टा अहिल्यैबाट यस्ता मानव समाजको लागि कलङ्क; गैरकानूनी कार्य तथा मानव जीवनलाई नारकीय बनाउने लागू औषधको अवैध प्रयोगलाई रोक्न आ-आफ्ना स्थानबाट संघीय, प्रादेशिक र स्थानीय सरकारका निकायहरू; गैरसरकारी संस्थाहरू; नागरिक समाज; सञ्चार क्षेत्र; सामुदायिक संस्था र अन्य सरोकारित पक्षहरू स्वतःस्फूर्त र इमान्दार भई लागिपर्न जिल्ला प्रशासन कार्यालय, सर्लाही हार्दिक अनुरोध गर्दछ ।

साथै, कुनै पनि वाद, आस्था र विचारभन्दा माथि उठेर राष्ट्रिय हित, सरकारको नीति, प्रचलित कानून एवम् सत्य, न्याय र निष्ठामा रही कार्य गर्ने यस जिल्ला प्रशासन कार्यालय, सर्लाही र प्रमुख जिल्ला अधिकारी समक्ष कुनै पनि गैरकानूनी कार्य/कसूर गर्ने पक्षलाई बचाउन/हेरिदिन आग्रह नगरिदिनुहुन सम्बन्धित सबैमा जिल्ला प्रशासन कार्यालय, सर्लाही अनुरोध गर्दछ ।

**कारवाही कदमहरू**

- सीमा/नाकामा विशेष निगरानी;
- शंकास्पद व्यक्ति, घर, पसल, व्यवसाय, सवारी साधन र स्थानको नियमित/छड्के कडा जाँच;
- सूचनाको सङ्कलन, विश्लेषण र योजनाबद्ध खानतलासी, पक्राउ एवम् कारवाही ।
- प्रचलित कानूनबमोजिम हदैसम्म सजाय ।

हेमराज लामाङ
प्रमुख जिल्ला अधिकारी

मिति : २०७७/११/२९ गते

**"स्वच्छ र सक्षम निजामती प्रशासन : समृद्धि र सुशासन"**

*जिल्ला प्रशासन कार्यालय, सर्लाहीको महत्त्वपूर्ण सूचना, जानकारी, निर्णय, आदेश कार्यालयको वेभसाइट daosarlahi.moha.gov.np मा नियमित रूपमा हेर्नु हुन तथा कुनै उजुरी, गुनासो र निवेदन गर्नुपर्ने भएमा कार्यालयको इमेल dao.sarlahi@gmail.com मा पठाउनु हुन अनुरोध छ ।*

Scanned with CamScanner